आज मिति २०७७/०१/३१ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा District Covid-19 Crisis Management Center (DCCMC) को बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

उपस्थिति:

सल्लाहकार :

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | कृष्णगोपाल तामाङ | प्रमुख | जिल्ला समन्वय समिति | ९८५१०८७४९० | |
| २. | अमान सिं तामाङ | प्रमुख | चौतारा साँगाचोकगढी नगरपालिका | ९७५१२५४४२४ | |

समिति:

| सि.नं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | उमेश कुमार ढकाल | प्र.जि.अ/संयोजक | जिल्ला प्रशासन कार्यालय | ९८५१२५७७७७ | |
| २ | सुशील महत | प्र.से | गोरख बक्स गण | ९८५७८३३३४७ | |
| ३ | प्रज्वल महर्जन | प्र.उ | जिल्ला प्रहरी कार्यालय | ९८५१२५५५५५ | |
| ४ | राजु पाण्डे | स.प्र.उ | सशस्त्र प्रहरी बल नेपाल | ९८५१२७२११२ | |
| ५ | बाबुराम खनाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय | ९८५१२४३०८४ | |
| ६ | अरुण कार्की | प्र.अ.अ | राष्ट्रिय अनुसन्धान जि.का | ९८४१७०६२२१ | |
| ७ | महेन्द्र नाथ भट्टराई | नि.जि.स.अ | जिल्ला समन्वय समिति | ९८५११४३२६३ | |
| ८ | दुर्गादत्त चापागाई | व.ज.स्वा.अ | स्वास्थ्य कार्यालय | ९८५१२०१०२६ | |
| ९ | डा.अमित प्रजापति | नि.मे.सु | चौतारा अस्पताल | ९८६५०६८२४६ | |

आमन्त्रित

मन्त्री श्री कमलचरण कक्षपति, नेपाल रेडक्रस सोसाईटी

निर्णयहरु :

१. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३७८४ मिति २०७७/०१/३० को पत्र बैठकमा अवगत भयो । सो सम्बन्धमा देहाय अनुसार गर्ने गराउने निर्णय गरियो ।

क) यस अघि जारी गरिएका EPASS लगायतका सम्पुर्ण सवारी पासहरु खारेज गर्ने निर्णय गरियो ।

ख) सवारी पास विना सवारी आवागमन भएमा तत्काल आवागमन रोकी कारवाही गर्ने ।

ग) काठमाडौं उपत्यका प्रवेश गर्नका लागि यस जिल्लाबाट पास जारी नगर्ने ।

घ) विरामी भै काठमाडौं तथा अन्य जिल्लामा उपचारको लागि लग्नु परेमा एम्बुलेन्सबाट लान सबैलाई जानकारी गराउने।

ङ) विकास निर्माण कार्य तथा अनुगमन सुपरिवेक्षणका लागी यस जिल्लाभित्रका लागि सवारी पास आवश्यक परेमा सम्बन्धित कार्यालयले लिखित रुपमा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेमा औचित्य हेरी उपयुक्त देखिएमा जिल्ला भित्रका लागि सवारी पास जारी गर्ने ।

च) आफै क्रिया बस्नुपर्ने भएमा मात्र अन्तिम संस्कार कार्यको लागि जिल्लाभित्रका लागि पास जारी गर्ने ।

२. संक्रमणको जोखिम कम गर्न अन्यत्र जिल्लाबाट तरकारी, फलफुल, ल्याउन प्रतिबन्ध लगाउने । स्थानीय गाउँहरुबाट तरकारी बजारमा ल्याउन स्थानीय तहहरुले व्यवस्था गर्ने । (यो निर्णय २०७७।१।२१ गतेदेखि लागु हुनेछ।)

३. ढुवानीका सवारी साधनहरुमा चालक र सहचालक बाहेक अन्य व्यक्तिहरुलाई यात्रा गराएमा त्यस्तो सवारी चालक र यात्रुहरुलाई रोकी कारवाही गर्ने ।

४. एम्बुलेन्सहरुले विरामी बोक्दा विरामीका २ जना कुरुवासम्म मात्र बोक्न पाउने र विरामी नबोकेको अवस्थामा खाली फर्कनु पर्ने । अन्यथा त्यस्ता एम्बुलेन्स चालकलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कानूनी कारवाही गर्ने ।

५. लकडाउनको अवस्थामा औद्योगिक उत्पादन तथा निर्माण सामग्री ढुवानीका लागि तयार पारिएको स्वास्थ्य सुरक्षा कार्ययोजना Update गरी स्वीकृत गर्ने निर्णय गरियो ।

६. भोली मिति २०७७/०२/०१ गते चौतारा टुडिखेलमा जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण, उद्दार तथा उपचारको सम्बन्धमा सबैलाई एकरुपमा बुझाई र समन्वय एवं जानकारी/चेतनाका लागि नेपाली सेना, गोरख बक्स गणद्वारा प्रस्तुत गर्ने गरी चेतनामूलक प्रर्दशनी कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

७. जिल्लामा सञ्चालित विभिन्न उद्योग, प्रतिष्ठान विकास आयोजना, कलकारखाना लगायतका स्थानमा बाहिरी जिल्लाबाट श्रमिक/कामदार, कर्मचारी बोलाएर काममा लगाउने र काम गर्ने व्यक्तिहरुलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

८. गृह मन्त्रालयको च.नं. २३० मिति २०७७/०१/२८ को पत्र बैठकमा पढीबाची सुनियो। सो सम्बन्धमा कोरोना भाइरसको जोखिम बढ्दै गईरहेको अवस्थामा नागरिकको खान पाउने हक, स्वास्थ्य उपचारको हक जस्ता मौलिक हकबाट बञ्चित हुने अवस्था सिर्जना भएकोले नागरिकको उक्त हकहरुको पुर्ण सुनिश्चितता गर्न र विपद्को घडिमा राहत पाउने नागरिकको मौलिक हक भएकाले स्वास्थ्य उपचार तथा राहत वितरण सम्बन्धि कार्य प्रभावकारी ढंगले गर्ने गराउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेशको च.नं. ४०६ मिति २०७७/०१/१५ गतेको पत्रानुसार मानव अधिकारहरुको अवस्थाको अनुगमन गरी स्थानीयस्तरमा देखिएका समस्याको सहजीकरण गर्न आवश्यक सहजीकरण गरिदिन भनि अनुरोध भई आएकोले पत्रमा उल्लेखित समितिलाई अनुगमन कार्यमा आवश्यक सहजीकरण गरीदिने निर्णय गरियो ।